# माननीय मुख्यमन्त्री एवं स्वास्थ्य मन्त्री स्तरीय निर्णयानुसार शंशोधित कार्यक्रम कार्यान्वयन मार्गदर्शन (आर्थिक वर्ष २०८०/८१)

## १. नयाँ भवन व्यवस्थापनका लागि औजार उपकरण खरिद

| उपशीर्षक | विवरण |
|---|---|
| खर्च शीर्षक नं. | ३११२२ |
| कृयाकलाप कोड | प्रादेशिक अस्पताल भद्रपुर (११.३.९.७४) र जिल्ला अस्पताल पाँचथर (११.३.२२.११) |
| उद्देश्य | आधुनिक,प्रविधी मैत्री स्वास्थ्य सेवा प्रदान गर्न अस्पतालहरुमा आवश्यक मेडिकल औजार, उपकरण व्यवस्थापन गर्ने। |
| अपेक्षित उपलब्धि | अस्पतालहरुमा आवश्यक मेडिकल औजार, उपकरण उपलब्ध भई सुदृढ एवं गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह हुनेछ। |
| सञ्चालन प्रक्रिया | • प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार स्वीकृत बजेटको परिधी भित्ररही बजेट विनियोजन भएका अस्पतालहरूलेऔजार उपकरणहरु खरिद गर्नुपर्नेछ।<br>• प्रत्येक अस्पतालले खरिद कार्यका लागि प्रदेश मतहतका कार्यालयमा कार्यरत बायोमेडिकल ईन्जिनियरको पूर्ण संलग्नतामा स्पेसिफिकेसन तयार गर्नुपर्नेछ।<br>• स्पेसिफिकेसन तयार गर्दा नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको टेक्निकल स्पेसिफिकेसन ब्याङ्कलाई समेत आधार लिन सकिनेछ ।<br>• स्वीकृत बजेटको परिधी भित्र रही आवश्यक औजार उपकरणहरुको सुची तयार गर्नुपर्नेछ।<br>• औजार उपकरण खरिद गर्दा USFDA Certified र ISO Certified हुनुपर्नेछ।<br>• सम्बन्धित अस्पतालले स्पेसिफिकेसन स्वीकृत गरिसकेपछि स्वास्थ्य मन्त्रालयको सहमति लिई खरिद प्रकृया अघि बढाउनुपर्नेछ । |
| सञ्चालन गर्ने निकाय | जिल्ला अस्पताल पाँचथर ,प्रादेशिक अस्पताल भद्रपुर । |
| प्रतिवेदन प्रणाली | सम्बन्धित अस्पतालले प्रगति प्रतिवेदन तयार गरी स्वास्थ्य निर्देशनालय र स्वास्थ्य मन्त्रालयमा बुझाउनुपर्नेछ । |

## २. औजार उपकरण खरिद

| उपशीर्षक | विवरण |
|---|---|
| **खर्च शीर्षक नं.** | ३११२२ |
| **क्रियाकलाप कोड** | ११.३.९.४४ |
| **उद्देश्य** | आधुनिक, प्रविधीमैत्री स्वास्थ्य सेवा प्रदान गर्न अस्पतालहरुमा आवश्यक मेडिकल औजार, उपकरण व्यवस्थापन गर्ने । |
| **अपेक्षित उपलब्धि** | अस्पतालहरुमा आवश्यक मेडिकल औजार, उपकरण उपलब्ध भई सुदृढ एवम् गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह हुनेछ। अस्पतालहरुमा आवश्यक मेडिकल औजार, उपकरण उपलब्ध भई सुदृढ एवम् गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह हुनेछ। |
| **सञ्चालन प्रक्रिया** | • अस्पतालले प्रचलित सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ मा व्यवस्था भए बमोजिम खरिद गरी व्यवस्थापन गर्नुपर्नेछ ।<br>• Modular OT with HVAC system खरिद गर्दा प्रदेश मातहतका कार्यालयमा कार्यरत बायोमेडिकल ईन्जिनियरको पूर्ण संलग्नतामा स्पेसिफिकेसन तयार गर्नुपर्नेछ। स्पेसिफिकेसन तयार गर्दा नेपाल स्वास्थ्य तथा जनशङ्ख्या मन्त्रालयको टेक्निकल स्पेसिफिकेसन बैंकलाई पनि आधार लिन सकिनेछ ।<br>• सम्बन्धित अस्पतालले स्पेसिफिकेसन स्वीकृत गरिसकेपछि स्वास्थ्य मन्त्रालयको सहमति लिई खरिद प्रकृया अघि बढाउनुपर्नेछ । |
| **सञ्चालन गर्ने निकाय** | मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टर । |
| **प्रतिवेदन प्रणाली** | खरिद प्रक्रियाको प्रगति प्रतिवेदन तयार गरी स्वास्थ्य निर्देशनालय र स्वास्थ्य मन्त्रालयमा बुझाउनुपर्नेछ । |

## ३. औजार उपकरण खरिद

| उपशीर्षक | विवरण |
|---|---|
| **खर्चशीर्षकनं.** | ३११२२ |
| **उद्देश्य** | आधुनिक,प्रविधी मैत्री स्वास्थ्य सेवा प्रदान गर्न अस्पतालहरुमा आवश्यक मेडिकल औजार, उपकरण व्यवस्थापन गर्ने। |
| **अपेक्षितउपलब्धि** | अस्पतालहरुमा आवश्यक मेडिकल औजार, उपकरण उपलब्ध भई सुदृढ एवं गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह हुनेछ। |
| **सञ्चालनप्रक्रिया** | प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार स्वीकृत बजेटको परिधि भित्र रही बजेट विनियोजन भएका अस्पतालहरूले तपसिलका कृयाकलापहरु सञ्चालन गर्नुपर्नेछ। |

| | |
|---|---|
| | प्रत्येक अस्पतालले खरिद कार्यका लागि प्रदेश मातहतका कार्यालयमा कार्यरत बायोमेडिकल ईन्जिनियरको पूर्ण संलग्नतामा स्पेसिफिकेसन तयार गर्नुपर्नेछ। स्पेसिफिकेसन तयार गर्दा नेपाल सरकार ,स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको टेक्निकल स्पेसिफिकेसनलाई आधार लिन सकिनेछ<br>**Washing Machine with dryer खरिद (११.३.९.४३)**<br>○ उदयपुर अस्पतालले एक थान Washing Machine with Dryer खरिद गरी सञ्चालनमा ल्याउनुपर्नेछ ।<br>➢ **Biomedical Technician सहितको Biomedical hub center स्थापना गर्ने (११.३.२२.६)**<br>○ प्रादेशिक अस्पताल भद्रपुर,उदयपुर अस्पताल र जिल्ला अस्पताल धनकुटाले Biomedical Technician सहितको Biomedical hub center स्थापना गरी सञ्चालन मा ल्याउनुपर्नेछ ।<br>➢ **Cast Procedure Setup Room खरिद तथा व्यवस्थापन गर्ने (११.३.२२.७)**<br>○ प्रादेशिक अस्पताल भद्रपुर,उदयपुर अस्पताल र मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टरले Cast Procedure Set up का सामग्री खरिद गरि सञ्चालनमा ल्याउनुपर्नेछ<br>○ Cast Procedure Set Up खरिद गर्दा USFDA Certified र ISO Certified हुनुपर्नेछ।<br>○ सम्बन्धित अस्पतालले स्पेसिफिकेसन स्वीकृत गरिसकेपछि स्वास्थ्य मन्त्रालयको सहमति लिई खरिद प्रकृया अघि बढाउनुपर्नेछ ।<br>➢ **अस्पतालमा सेवा निरन्तरताको लागि औजार उपकरण खरिद(११.३.९.३)**<br>अस्पतालमा मौजुदा औजार उपकरणहरुबाट सेवा प्रदान गर्न अपुग भए नयाँ खरिद गर्न सकिनेछ। खरिद गर्नुभन्दा अगाडिऔजार उपकरणहरुको मौज्दात सूची तयार गरी चालु हालतमा रहे नरहेको हेरी संचालनमा नआउने भए मात्र प्रतिस्थापन वा औजार उपकरण नै नभएमा नयाँ खरिद गर्न सकिनेछ। अस्पतालले खरिद गर्ने औजार उपकरणको सूची न्युनतम सेवा मापदण्ड (Minimum Service Standards) लाई मध्यनजर गरी तयार गर्नुपर्नेछ । प्रादेशिक अस्पताल भद्रपुर, ईलाम अस्पताल, संखुवासभा अस्पताल ,उदयपुर अस्पताल,ईनरूवा अस्पताल, मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टर, जिल्ला अस्पताल ताप्लेजुङ्ग, जिल्ला अस्पताल पाँचथर, जिल्ला अस्पताल धनकुटा, जिल्ला अस्पताल ओखलढुङ्गा,जिल्ला अस्पताल खोटाङ, जिल्ला अस्पताल तेह्रथुम , जिल्ला अस्पताल भोजपुर, जिल्ला अस्पताल सोलुखुम्बुले आवश्यक औजार उपकरणहरु यसै शीर्षकमा विनियोजित बजेटबाट गर्नुपर्नेछ।<br>• सम्बन्धित अस्पतालले स्पेसिफिकेसन स्वीकृत गरिसकेपछि स्वास्थ्य मन्त्रालयको सहमति लिई खरिद प्रकृया अघि बढाउनुपर्नेछ । |

| | |
|---|---|
| **सञ्चालन गर्ने निकाय** | बजेट विनियोजन भएका अस्पतालहरू , प्रदेश स्वास्थ्य आपुर्ति व्यवस्थापन केन्द्र |
| **प्रतिवेदन प्रणाली** | बजेट विनियोजन भएका निकायहरूले प्रगति प्रतिवेदन तयार गरी स्वास्थ्य निर्देशनालय र स्वास्थ्य मन्त्रालयमा बुझाउनुपर्नेछ । |

### ४. नयाँ भवन सञ्चालनका लागि फर्निचर तथा फिक्सचर्स खरिद

| उपशीर्षक | **विवरण (फर्निचर्स तथा फिक्सचर्स खरिद)** |
|---|---|
| **खर्च शीर्षक नं.** | ३११२३ |
| **कृयाकलाप कोड** | जिल्ला अस्पताल पाँचथर (११.६.१३.२) र प्रादेशिक अस्पताल भद्रपुर (११.६.१३.५) |
| **उद्देश्य** | अस्पतालको भवनमा आवश्यक फर्निचर तथा फिक्सचर्सको व्यवस्थापन गर्ने । |
| **अपेक्षित उपलब्धि** | अस्पतालहरूको न्यूनतम सेवा मापदण्ड अनुसार व्यवस्थापन हुनेछ । |
| **सञ्चालन प्रक्रिया** | यस शीर्षकमा विनियोजित बजेटबाट आवश्यक फर्निचर तथा फिक्सचर्सको व्यवस्थापन गर्नुपर्नेछ ।<br>सम्बन्धित अस्पतालले स्पेसिफिकेसन स्वीकृत गरिसकेपछि स्वास्थ्य मन्त्रालयको सहमति लिई खरिद प्रकृया अघि बढाउनुपर्नेछ । |
| **सञ्चालन गर्ने निकाय** | जिल्ला अस्पताल पाँचथर ,प्रादेशिक अस्पताल भद्रपुर । |
| **प्रतिवेदन प्रणाली** | सम्बन्धित अस्पतालले खर्चको विवरण अनिवार्य रूपमा स्वास्थ्य निर्देशनालय र स्वास्थ्य मन्त्रालयमा बुझाउनुपर्नेछ। |

### ५. इनरुवा अस्पतालको भवनको तला थप गर्ने

| उपशीर्षक | **विवरण** |
|---|---|
| **खर्च शीर्षक नं.** | ३१११२ |
| **कृयाकलाप कोड** | ११.१.२.१७ |
| **उद्देश्य** | जिल्ला अस्पताल इनरुवाको भवनको तला थप गर्ने। |
| **अपेक्षित उपलब्धि** | अस्पतालको न्यूनतम सेवा मापदण्ड अनुसार व्यवस्थापन भई गुणस्तरिय सेवा प्रवाह हुनेछ |
| **सञ्चालनप्रक्रिया** | यस शीर्षकमा विनियोजित बजेटबाट भवनको थप तला निर्माणको लागि सम्बन्धित अस्पतालले लागत ईस्टिमेट स्वीकृत गरी स्वास्थ्य मन्त्रालय समक्ष पेश गर्नुपर्नेछ ।सो पश्चात स्वास्थ्य मन्त्रालयको सहमति लिई निर्माण कार्य अघि बढाउनुपर्नेछ । |

| | |
|---|---|
| | अस्पतालले प्रचलित सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ अनुसार भवन निर्माण कार्य सम्पन्न गर्नुपर्नेछ । |
| **सञ्चालन गर्ने निकाय** | जिल्ला अस्पताल इनरुवा। |
| **प्रतिवेदन प्रणाली** | निर्माण कार्यको प्रगति प्रतिवेदनका साथै निर्माण प्रक्रियाशुरु र सम्पन्न भएको जानकारी स्वास्थ्य मन्त्रालय र स्वास्थ्य निर्देशनालयसमक्ष पठाउनुपर्नेछ । |

### ६. जिल्ला अस्पताल इलामको कम्पाउन्ड वाल निर्माण

| उपशीर्षक | **विवरण** |
|---|---|
| **खर्च शीर्षक नं.** | ३१११२ |
| **कृयाकलाप कोड** | ११.१.२.१५ |
| **उद्देश्य** | जिल्ला अस्पताल परिसरको भौतिक पुर्वाधार विकास गर्ने । |
| **अपेक्षित उपलब्धि** | अस्पताल परिसर सुरक्षित हुनुका साथै न्यूनतम सेवा मापदण्ड अनुसार व्यवस्थापन भई गुणस्तरिय सेवा प्रवाहमा सहज हुनेछ। |
| **सञ्चालन प्रक्रिया** | यस शीर्षकमा विनियोजित बजेटबाट कम्पाउन्ड वालनिर्माणको लागि सम्बन्धित अस्पतालले लागत ईस्टिमेट स्वीकृत गरी स्वास्थ्य मन्त्रालय समक्ष पेश गर्नुपर्नेछ ।सो पश्चात स्वास्थ्य मन्त्रालयको सहमति लिई निर्माण कार्य अघि बढाउनुपर्नेछ ।अस्पतालले प्रचलित सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ अनुसार कम्पाउन्ड वाल निर्माण कार्य सम्पन्न गर्नुपर्नेछ । |
| **सञ्चालन गर्ने निकाय** | जिल्ला अस्पताल इलाम। |
| **प्रतिवेदनप्रणाली** | निर्माण कार्यको प्रगति प्रतिवेदनका साथै निर्माण प्रक्रिया शुरु र सम्पन्न भएको जानकारी स्वास्थ्य मन्त्रालय र स्वास्थ्य निर्देशनालयसमक्ष पठाउनुपर्नेछ ।। |

### ७. जिल्ला अस्पताल वरिपरी पर्खाल निर्माण

| उपशीर्षक | **विवरण** |
|---|---|
| **खर्चशीर्षकनं.** | ३१११२ |
| **कृयाकलाप कोड** | ११.४.२२.२ |
| **उद्देश्य** | जिल्ला अस्पताल परिसरको भौतिक पुर्वाधार विकास गर्ने । |
| **अपेक्षित उपलब्धि** | अस्पताल परिसर सुरक्षित हुनुका साथै न्यूनतम सेवा मापदण्ड अनुसार व्यवस्थापन भईगुणस्तरिय सेवा प्रवाहमा सहज हुनेछ। |

| | |
|---|---|
| **सञ्चालन प्रक्रिया** | यस शीर्षकमा विनियोजित बजेटबाट पर्खाल निर्माणको लागि सम्बन्धित अस्पतालले लागत ईस्टिमेट स्वीकृत गरी स्वास्थ्य मन्त्रालय समक्ष पेश गर्नुपर्नेछ ।सो पश्चात स्वास्थ्य मन्त्रालयको सहमति लिई निर्माण कार्य अघि बढाउनुपर्नेछ ।<br>अस्पतालले प्रचलित सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ अनुसार पर्खाल निर्माण कार्य सम्पन्न गर्नुपर्नेछ । |
| **सञ्चालन गर्ने निकाय** | जिल्ला अस्पताल ताप्लेजुङ, जिल्ला अस्पताल भोजपुर । |
| **प्रतिवेदन प्रणाली** | निर्माण कार्यको प्रगति प्रतिवेदनका साथै निर्माण प्रक्रिया शुरु र सम्पन्न भएको जानकारी स्वास्थ्य मन्त्रालय र स्वास्थ्य निर्देशनालय समक्ष पठाउनुपर्नेछ । |

## ८. महिला सामुदायिक स्वास्थ्य स्वयंमसेविकालाई प्रोत्साहन भत्ता

| **उपशीर्षक** | **विवरण** |
|---|---|
| **बजेट उपशीर्षक** | जनस्वास्थ्य सेवा सवलिकरण तथा विस्तार कार्यक्रम |
| **खर्च शीर्षक नं.** | २११३५ |
| **कृयाकलाप कोड** | १.२.५.४ |
| **पृष्ठभूमि** | नेपालको स्वास्थ्य प्रणालीको इतिहासदेखि वर्तमान अवस्थासम्म महत्वपूर्ण भूमिका निर्वाह गर्दै समुदायलाई स्वास्थ्यसंग जोड्ने मजबुद कडीका रुपमा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रम परिचित रहेको छ। महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको योगदानलाई कदर गर्दै प्रदेश सरकारद्वारा प्रोत्साहन स्वरुप स्वयंसेवि कृयाकलापलाई अझ प्रभावकारी रुपले अघि बढाउन यो कार्यक्रममा बजेट व्यवस्थापन गरिएको छ। |
| **उद्देश्य** | महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई वार्षिक रुपमा प्रोत्साहन भत्ता उपलब्ध गराउने। |
| **अपेक्षित उपलव्धी** | महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई उत्प्रेरणा मिल्ने र समुदाय केन्द्रित स्वास्थ्यका कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन हुने। |
| **सञ्चालन प्रक्रिया** | • जिल्लास्थित स्वास्थ्य कार्यालयहरुले स्थानीय तहसंग समन्वय गरी महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको विवरण संकलन गर्नुपर्नेछ।<br>• स्थानीय तहहरुबाट प्राप्त संख्या र विवरणको आधारमा प्रति महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका रु. ५००० (अक्षरुपी रु. पाँच हजार) का दरले चालु आर्थिक वर्ष २०८०/८१ का लागि वार्षिक रुपमा प्रोत्साहन भत्ता प्रदान गर्नुपर्नेछ। |

| | |
|---|---|
| | • यस शीर्षकमा विनियोजित बजेट अपुग भएमा स्वास्थ्य कार्यालयले जिल्लामा रहेका महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको संख्या प्रमाणित गरी थप बजेटका लागि मन्त्रालयमा माग गरी लेखी पठाउनुपर्नेछ। |
| **प्रतिवेदन प्रणाली** | प्रोत्साहन भत्ता प्रदान गरेको अभिलेख अध्यावधिक गरी निर्देशनालय मार्फत स्वास्थ्य मन्त्रालयमा पठाउनुपर्नेछ। |
| **सञ्चालन गर्ने निकाय** | स्वास्थ्य कार्यालयहरु सबै (१४ जिल्ला) |

### ९. स्वास्थ्य सम्बन्धी औजार उपकरण खरिद

| शीर्षक | विवरण |
|---|---|
| **बजेट उपशीर्षक नं** | **३७००११०२** |
| **खर्च शीर्षक नं.** | ३११२२ |
| **कृयाकलाप कोड** | ११.३.९.८ |
| **उद्देश्य** | • स्वास्थ्य सेवा प्रवाह तथा स्वास्थ्य जनशक्ति उत्पादनको क्षेत्रमा कार्यरत स्वास्थ्य संस्था तथा प्रतिष्ठानका लागि आवश्यक स्वास्थ्य सामग्री, औजार उपकरण व्यवस्थापन गर्ने। |
| **अपेक्षित उपलव्धी** | • गुणस्तरीय स्वास्थ्य जनशक्ति उत्पादन र शैक्षिक कृयाकलाप संचालनमा सहयोग पुग्ने।<br>• प्रविधीमैत्री स्वास्थ्य सेवा प्रवाह हुने। |
| **सञ्चालन प्रक्रिया** | • स्वास्थ्य कार्यालयले धरानस्थित वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको कलेज अफ नर्सिङ्गसंग समन्वय गरी तहाँ पठन पाठन भैरहेको "Bachelor in Midwifery Science (BMS) Programme" का लागि Skill Lab स्थापना गर्न आवश्यक सामग्रीको विवरण तयार गर्नुपर्नेछ।<br>• बिनियोजित बजेटको परिधीभित्र रही स्वास्थ्य कार्यालयले स्वास्थ्य सामग्री, Practical Models लगायतका सामग्री खरिद गरी सम्बन्धित निकायमा हस्तान्तरण गर्नुपर्नेछ।<br>• Skill Lab सेटअप पश्चात सामग्रीको उपयोगीताका सम्बन्धमा स्वास्थ्य कार्यालयले नियमित अनुगमन तथा पृष्ठपोषण प्रदान गर्नुपर्नेछ। |
| **प्रतिवेदन प्रणाली** | कार्यक्रम संचालन गरे पश्चात सो को विवरण स्वास्थ्य निर्देशनालयमार्फत स्वास्थ्य मन्त्रालयमा पठाउनुपर्नेछ। |
| **सञ्चालन गर्ने निकाय** | स्वास्थ्य कार्यालय सुनसरी |

### १०. साझेदार संस्थाको समन्वयमा प्रादेशिक बर्न हस्पिटल निर्माणको लागि पुजीगत अनुदान

| | |
|---|---|
| **खर्च शीर्षक नं.** | २६४२३ |
| **बजेट उपशीर्षक** | ३७००११०३ (जनस्वास्थ्य सेवा सवलीकरण तथा विस्तार कार्यक्रम) |

| | |
|---|---|
| **उद्देश्य** | • पोलाई(Burn) बाट हुने अवस्था / घटना, स्वास्थ्य जटिलता र समस्याको तत्काल उपचार व्यवस्थान गरि जीवन रक्षा गर्न<br>• पोलाई(Burn) अस्पताल निर्माण र संचालन गर्ने संस्थालाई आर्थिक रूपमा प्रोत्साहन र सहयोग गर्ने |
| **अपेक्षित उपलव्धी** | • प्रदेश भित्र साझेदार निकायको सहयोग , साझेदारीमा Burn अस्पताल निर्माण र संचालन भै पोलाईको कारण बाट हुने अवस्थाको तत्काल उपचार भै, जोखिम र मृत्यु न्यूनीकरण हुनेछ\| |
| **सञ्चालन प्रक्रिया** | • प्रदेश अन्तर्गत सुनसरी जिल्ला भित्र पोलाई (Burn) उपचार तथा व्यवस्थापन अस्पताल निर्माण र संचालन गरि सेवा सुरु गरेको वा र सो को लागि अस्पताल निर्माण संचालन स्वीकृति लिई द.प्र, नक्सा तयार गरि कार्य शुरु गर्ने संस्था हुनु पर्ने छ ।<br>• अस्पताल निर्माण र संचालन गर्ने संस्थाले अनुदान प्राप्त गर्न स्वास्थ्य कार्यालयमा अस्पताल संचालन स्वीकृति, दर्ता, सेवाको प्रकार र आबश्यक कागज सहित अनुदानको उद्देश्य उल्लेख गरि र अस्पताल संचालन शुरुवात गरेको भए संचालन स्वीकृति, सेवाको प्रकार, साझेदारी अनुदानको उद्देश्य सहित सम्बन्धित स्थानीय तहको सिफारिस साथ् निबेदन पेश गरेको हुनु पर्ने छ ।<br>• नया अस्पताल संचालनको लागि निर्माण कार्य वा उपकरण को लागि साझेदारीमा सहयोग/ अनुदान माग गरेको भए सो को DPR, नक्सा र सेवाको प्रकार, संस्थाको दर्ता र आबश्यक कागज सहित अस्पताल संचालन हुने स्थानीय तह बाट सिफारिस समेत संलग्न गरि सहयोगको प्रयोजन, योजना(अनुमानित लागत र अवधि )संलग्न गरि साझेदारी सहयोग माग गरेको हुनु पर्दछ ।<br>• सम्लग्न कागजात अनुसार स्वास्थ्य कार्यालयले कागजातको अध्यान, आबश्यकता अनुसार स्थलगत अनुगमन र अवलोकन गरि विश्लेषण गरेर उपलब्ध गराउनु पर्ने अनुदानको लागि संघ/संस्थासंग प्रचलित नियमको अधिनमा रही सम्झौता गर्नुपर्नेछ ।<br>• प्रस्तावमा र सम्झौतामा कृयाकलापको उद्देश्य, बिस्तृत कार्ययोजना (समयसिमा सहित), सामग्री खरिद, सेवा संचालन बिस्तार, निर्माण आदि गर्नुपर्ने भए सो को आवश्यकता पुष्ट्याई, लाभान्वित व्यक्तिको अनुमानित सङ्ख्या र लागत अनुमान समावेश गरि स्वास्थ्य कार्यालयले सो को अनुगमन गर्नुपर्नेछ।<br>• कार्य सम्पन्न गरे पश्चात अनुदान प्राप्त गर्ने संघ/संस्थाहरुले आ.व. समाप्त भएको तीन महिना भित्र audit report तथा बिल/भरपाईको प्रतिलिपी सम्बन्धित निकायमा पेश गर्नुपर्नेछ। |

| | |
|---|---|
| | • संघ/संस्थालाई चालु प्रकृतिका कार्य गर्नका लागि यस शीर्षकमा बिनियोजन बजेटबाट अनुदान दिन पाइने छैन्।<br>**अनुदान प्रदान गर्न देहायका प्रावधान थप गरिएका छन्:**<br>• स्वास्थ्य कार्यालयले अनुदान प्रदान गर्दा, सम्बन्धित संस्थाले अस्पताल निर्माणका लागि प्रचलित कानून बमोजिम प्राप्त भएको मनशाय पत्र (Letter of Intent) र अस्पताल निर्माण सम्बन्धि प्रस्ताव पेश गरे पश्चात पहिलो किस्ता बापत कुल अनुदानको ५०% रकम प्रदान गर्नुपर्नेछ।<br>• अस्पताल भवन निर्माण कार्यको स्वीकृति, डि.पी.आर., प्रचलित कानून बमोजिम सम्बन्धित निकायबाट स्वीकृत वातावरणीय प्रभाव मूल्यांकन प्रतिबेदन र स्थलगत अनुगमन पश्चात दोस्रो किस्ता बापत कुल अनुदानको २०% रकम प्रदान गर्नुपर्नेछ।<br>• बाँकी २०% रकम, निकासा भएको अनुदानको कम्तिमा ८०% रकम बराबरको सक्कल बिल भर्पाइ, अस्पताल निर्माण/संचालनस्थलको स्थलगत अनुगमन पश्चात प्रदान गर्नुपर्नेछ। |
| **प्रतिवेदन प्रणाली** | कार्य सम्पन्न गरे पश्चात सोको प्रतिवेदन स्वास्थ्य मन्त्रालयमा गर्नुपर्नेछ। |
| **सञ्चालन गर्ने निकाय** | स्वास्थ्य कार्यालय, सुनसरी। |

## ११. घरमा आधारित वृद्धि अनुगमन कार्यक्रम (कार्यक्रम लागू भएका स्थानीय तहहरुका लागि)

| शीर्षक | विवरण |
|---|---|
| **बजेट उपशीर्षक** | स्वास्थ्य मन्त्रालय (संघ विशेष अनुदान)- पोषण कार्यक्रम |
| **उद्देश्य** | दुई बर्ष मुनिका बालबालिकाहरुको पोषण स्थितिमा सुधार ल्याउने। |
| **अपेक्षित उपलव्धी** | दुई बर्ष मुनिका बालबालिकाहरुको पोषण स्थितिमा सुधार ल्याई बालबालिकाहरुको बिरामी दर र मृत्यु दरमा कम ल्याउने । |
| **सञ्चालन प्रक्रिया** | • स्थानीय तहले कार्यक्रम संचालन गर्न स्वास्थ्य संस्था छनौट गरी तहाँमार्फत स्थानीय तहका सवै ०-२३ महिनाका बालबालिकाहरुको मासिक रुपमा तौल मापन गरी तोकिएको ढाँचामा रेकर्ड गर्नुपर्नेछ।<br>• छ महिना काटिसकेको बाल बालिकाहरुको हकमा मासिक रुपमा MJAC, तौल Z score अनिवार्य लिई स्वास्थ्य संस्थामा प्रतिवेदन गर्नुपर्ने छ र स्वास्थ्य संस्थालेले पालिका र स्वास्थ्य कार्यालयमा रिपोर्ट गर्नुपर्नेछ।<br>• पोषण रजिस्टर अनिवार्यरुपमा अभिलेख राख्नु पर्नेछ । |

| | |
|---|---|
| | • स्वास्थ्य संस्थामा सुत्केरी भए पश्चात एउटा झोला सहितको साल्टर स्केल दिएर आमालाई तौल कसरी लिने स्वास्थ्यकर्मीले आमालाई सिकाई मात्र घर पठाउनुपर्ने छ l<br>• स्वास्थ्य संस्थामा सुत्केरी नभएको खण्डमा वा अन्य कुनै स्वास्थ्य संस्थामामा डेलिभरी भएको खण्डमा पहिलो खोप लगाउन आउँदा आमालाई एउटा झोला सहितको तौल मेसिन दिई तौल लिन सिकाई पठाउनुपर्ने छ।<br>•कार्यक्रम संचालन गर्न छनौट भएका स्वास्थ्य संस्थामा कार्यरत सबै स्वास्थ्यकर्मीलाई एक दिने पोषण रजिस्टर सम्बन्धि पुनर्ताजकी तालिम दिनु पर्नेछ। |
| **प्रतिवेदन प्रणाली** | स्थानीय तहहरुले कार्यक्रम संचालन गरेपश्चात सो को विवरण स्वास्थ्य मन्त्रालयमा पठाउनुपर्नेछ। |
| **सञ्चालन गर्ने निकाय** | • गढी गाउँपालिका, सुनसरी<br>• रंगेली नगरपालिका, मोरंग<br>• लिखु गाउँपालिका, ओखलढुंगा<br>• मादी नगरपालिका, संखुवासभा<br>• पौवादुङमा गाउँपालिका, भोजपुर |

१२. **HIV 1 HIV 2 Viral Load Machine खरिद**

| उपशीर्षक | विवरण |
|---|---|
| **खर्च शीर्षक नं.** | ३११२२ |
| **कृयाकलाप कोड** | ११.३.२२.१० |
| **उद्देश्य** | HIV संक्रमितहरुको Viral Loadपरिक्षण गर्न आवश्यक मेसिन खरिद गर्ने। |
| **अपेक्षित उपलब्धि** | HIV संक्रमितहरुको Viral Loadपरिक्षण कार्य सहज भइ उपचार प्रकृया थप प्रभावकारी हुनेछ। |
| **सञ्चालन प्रक्रिया** | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रले तहाँ कार्यरत बायोमेडिकल इन्जिनियरबाट भाइरल लोड मेशिनको स्पेसिफिकेसन तयार गरी खरीद प्रकृया अघि बढाउनुपर्नेछ।<br>प्रचलित सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ मा व्यवस्था भए बमोजिमका प्रकृया अपनाइ खरिद कार्य गर्नुपर्नेछ ।<br>उक्त मेसिन WHO-PQ प्राप्त, Sensitivity >९०% र specificity >९९% हुनुपर्नेछ।<br>उक्त मेशिन प्रयोगशालामा तथा field office मा प्रयोग गर्न सकिने हुनुपर्नेछ ।<br>खरीद पश्चात मन्त्रालयको निर्णयानुसार सो मेसिन सम्बन्धित निकायलाई हस्तान्तरण गर्नुपर्नेछ । |
| **सञ्चालन गर्ने निकाय** | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र |
| **प्रतिवेदनप्रणाली** | खरिद पश्चात सोको विवरण स्वास्थ्य मन्त्रालयमा पठाउनु पर्नेछ। |

## १३. आयुर्वेद औषधि खरीद

| उपशीर्षक | विवरण |
|---|---|
| खर्च शीर्षक नं. | २७२१३ |
| कृयाकलाप कोड | ७.२.९.८ |
| उद्देश्य | प्रदेश अन्तर्गत सञ्चालित आयुर्वेद अस्पतालहरुका लागि अत्यावश्यक आयुर्वेद औषधि खरिद गर्ने । |
| अपेक्षित उपलब्धि | आयुर्वेद अस्पतालहरुबाट सेवा लिने विरामीहरुले निःशुल्क रुपमा आयुर्वेद औषधि प्राप्त गर्नेछन् । |
| सञ्चालन प्रक्रिया | • प्रदेश अन्तर्गत सञ्चालित आयुर्वेद अस्पतालहरुसंगको समन्वयमा आवश्यक पर्ने औषधिका प्रकार र परिमाण निर्धारण गर्नुपर्नेछ ।<br>• औषधि खरिद गर्दा औषधि व्यवस्था विभागबाट अनुमति प्राप्त कम्पनी र खरिद पश्चात् औषधिको गुणस्तर यकिन सम्बन्धित जनशक्तिबाट गराउनु पर्नेछ ।चुर्ण औषधिहरुको हकमा मान्यता प्राप्त औषधि परीक्षण प्रयोगशालाबाट microbial test comply भएको प्रमाणपत्र अनिवार्य पेश गर्नुपर्नेछ ।<br>• खरिद भएका औषधिहरु प्रदेश मातहतका सबै आयुर्वेद अस्पतालहरुसम्म ढुवानी गर्नुपर्नेछ ।<br>• प्रचलित सार्वजनिक खरिद ऐन,२०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ मा व्यवस्था भए बमोजिमका प्रकृया अपनाई अत्यावश्यक आयुर्वेद औषधिहरुको खरिद कार्य गर्नुपर्नेछ । |
| सञ्चालन गर्ने निकाय | प्रदेश स्वास्थ्य आपुर्ती ब्यवस्थापन केन्द्र, विराटनगर । |
| प्रतिवेदन प्रणाली | • प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रले औषधि खरिद तथा ढुवानी पश्चात् सोको विवरण स्वास्थ्य मन्त्रालयलाई पठाउनुपर्नेछ ।<br>• प्रदेश मातहतका आयुर्वेद अस्पतालहरुले औषधि वितरणको मासिक विवरणको अभिलेख राखी स्वास्थ्य निर्देशनालय र स्वास्थ्य मन्त्रालय समक्ष प्रतिवेदन पठाउनु पर्नेछ । |